# गैंडाकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

यस नगरसभामा उपस्थित नगरसभाका सदस्य ज्यूहरु,

संघीयताको कार्यान्वयन संगै स्थानीय तहको स्थापना भइ दोश्रो निर्वाचन पश्चात हामि पाँचौं बर्षको शुरुवाती चरणमा रहेकाछौ। नगरबासीहरुबाट हामीलाई प्राप्त भएको जिम्मेवारी बमोजिम गैंडाकोट नगरपालिकाको बिगतका आर्थिक बर्षहरुको वार्षिक नीति तथा कार्यक्रमबाट अनुभव लिदै आगामी आर्थिक बर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु । यस घडीमा नेपाली जनताले मुलुकको सार्वभौमिकता, राष्ट्रियहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि गरेको बलिदानको स्मरण गर्दै ज्ञात-अज्ञात शहिद, द्वन्द पिडित तथा बेपत्ता परिवार प्रति उच्च सम्मान व्यक्त गर्दछु।

चालु आर्थिक वर्ष २०८२/०८३ को गत भाद्र २३ र २४ गते Gen-Z पुस्ताको आन्दोलनका क्रममा गैंडाकोट नगरपालिकाको प्रशासकीय भवनको प्रथम तला लगायत धेरै संरचनाहरु जलेर नष्ट भएको छ जसबाट नगरले कुल ६ करोड बराबरको नोक्सानी भएको अवस्था छ। फलस्वरूप यस नगरपालिकाले विकास निर्माणका केहि बजेट कटौती गर्दै सेवा प्रवाहमा विशेष जोड दिन मर्मत सम्भारलाई पहिलो प्राथमिकतामा राखी कार्य अगाडी बढाएको छ ।

यसै क्रममा हामीले सत्रौं नगर सभावाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनमा केहि समय अन्यौलता उत्पन्न भएतापनि नगरवासीको विकास र सम्वृद्धि प्रतिको आकांक्षा पुरा गर्न पुन: उच्च मनोबलका साथ् अघि बढीरहेका छौँ। हाल प्रशासकीय भवन सरसफाई गरी झ्याल ढोका मर्मत तथा प्रारम्भिक रंगरोगन पश्चात दोश्रो तला देखि माथिबाट सेवा सुचारु गरिसकिएको छ। साथै भवनको प्रथम तलालाई पुन:निर्माण कार्य समेत सुचारू भईसकेकोछ।

नगरपालिकाले आ.ब. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका चालु आवधिक योजनाहरु, दीगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघिय एवं प्रदेश सरकारका आगामी आ.व. २०८३/०८४ को लागि तय गरिएका नीति तथा कार्यक्रम एवं संघिय सरकारका १०० बुदे कार्ययोजना, नगरपालिकाको आवधिक योजना, नगरपालिकाको आर्थिक सर्वेक्षण, दिगो विकासको स्थानीयकरण, मध्यमकालीन खर्च संरचना, नागरिक सन्तुष्टि सर्वेक्षण, स्थानीय तहको कार्यसम्पादन मूल्यांकनका सूचकहरु, गैंडाकोट नगरपालिकामा गठित विभिन्न बिषयगत समितिहरुबाट भएका निर्णयहरु, नगरपालिकाले आयोजना गरेको आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धी प्राप्त राय सुझाबबाट प्राप्त मार्गदर्शनहरु तथा समाजका अगुवाहरुबाट निरन्तर रुपमा दिने राय सुझावका आधारमा आगामी वर्षमा कार्यन्वयन योग्य नीति तथा कार्यक्रम तयार गरी यस सम्मानित सभामा पेश गरेको छु। " **हामी सबैको साझा अठोट- शान्त समुन्नत सुन्दर गैंडाकोट** " भन्ने नगरपालिकाको दीर्घकालिन सोचलाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन्:

- नागरिकको जीवन संग प्रत्यक्ष रुपमा जोडिएका विषयबस्तु जस्तै शिक्षा, स्वास्थ्य र कृषिलाई नगर विकासको पहिलो मेरुदण्डको रुपमा अगाडी बढाउने नीति अबलम्बन गरिनेछ ।
- सेवा प्रवाहमा सहजताको लागि सुशासन र संस्थागत विकासमा जोड दिईनेछ।
- बहुवर्षीय र क्रमागत योजनाहरु, नगर गौरवका योजनाहरु र अन्य आवश्यक पूर्वाधार निमार्णमा जोड दिईनेछ।
- सहकारी, पर्यटन र उद्योग-व्यापारको विकास र करमैत्री राजश्व प्रशासनलाई जोड दिईनेछ।
- वातावरण संरक्षण र पर्यावरणीय प्रवर्द्धनमा जोड दिईनेछ।
- नगारिकको जीवनशैली तथा जनजीविका संग जोडिने कार्यक्रमलाई प्राथमिकता प्रदान गरिनेछ।
- नागरिकहरुले प्राप्त गर्ने सेवामा सहजता एवं सरलताका लागि सूचना प्रविधिलाई प्राथमिकतामा राख्दै सुशासन कायम गरिनेछ ।

नगरसभा सदस्यज्यूहरु,

नगरपालिकावाट सञ्चालन गरिने विकासका गतिविधीहरुलाई दिशा निर्देशन गर्न सिमित श्रोत साधनहरुले असिमित आवश्यकतालाई संवोधन गरी बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गरी विकासको अभियानलाई सार्थक बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ। अब म आगामी आर्थिक वर्षको लागि नगरपालिकाले लिने क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहान्छु।

(क) ***सुशासन तथा संस्थागत विकास सम्वन्धी नीतिहरु***

१. जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटो छरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गर्दै सेवा प्रवाह केन्द्रको सेवालाई थप सेवाग्राही मैत्री बनाउदै विद्युतीय शासन र सेवा प्रवाहमा जोड दिई भ्रष्टचार विरुद्धको शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ।

२. नगरपालिकाभित्र रहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न संघिय सरकारको नीति तथा निर्देशन अनुसार आवश्यक समन्वयमा जग्गाधनि प्रमाणपुर्जा वितरण गरिनेछ।

३. आगामी आर्थिक वर्ष देखि नापी र भूमि प्रशासन (साविक मालपोत)को कामकाज यस नगरपालिकाबाट नै सेवा प्रवाह गररिनेछ। सो को लागि आवश्यक जनशक्ति र भौतिक एवं IT पूर्वाधार यस पालिकाबाट नै व्यवस्था गरिनेछ।

४. आगामी आर्थिक बर्षमा नागरिक सन्तुष्टि सर्वेक्षण लगायत दिगो विकासको स्थानीयकरणका सूचक तथा नतिजाका आधारमा कार्यसम्पादनलाई अझ वस्तुनिष्ठ बनाउदै लगिनेछ।

५. नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई वढी प्रतिफल प्राप्त हुने गरी र कर्मचारी वर्गको अधिकतम हित प्रवर्द्धन हुने गरी परिचालन गरिनेछ। साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ।

६. प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिच कार्यसम्पादन करार गरी कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाइनेछ।

७. कर्मचारीलाई कार्यसम्पादन मुल्यांकनका आधारमा उत्कृष्ट कर्मचारी घोषणा गर्ने नीतिलाई निरन्तरता दिदै जनप्रनिधि सम्मान कार्यक्रम समेत अगाडी बढाइनेछ।

८. नगरभित्रका कर्मचारीहरुलाई निश्चित मापदण्ड बनाई फरक फरक वडामा कार्यसम्पादन गर्ने गरी स्वचालित सरुवा प्रणाली अवलम्बन गरीनेछ।

९. गैंडाकोट नगरपालिकामा कार्यरत कार्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम सुबिधा प्रदान गरी प्रोत्साहन स्वरुप कार्यालयमा हाजिर भएको दिनको खाजा खर्च दिने व्यवस्थालाई समयानुकुल परिमार्जन गर्दै निरन्तरता दिईनेछ।

१०.नगरपालिकाको विकासका लागि देश बाहिर रहेका नगरवासी, निजी क्षेत्र, नागरिक संस्थाहरु, बुद्धिजीवीहरु, विश्वविद्यालय, क्याम्पस एवं तिनका नवसिर्जनामा संलग्नता र साझेदारी गर्ने नीति लिइनेछ ।

११.विवाद् समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्ट र सरल बनाई वडास्तरमा रहेका मेलमिलापकेन्द्रहरुलाई प्रभावकारी बनाउदै न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरुलाई क्षमता अभिवृद्धिका लागि तालिम, अन्तरक्रिया कार्यक्रम, असल अभ्यास सिकाई आदानप्रदान गरिनेछ।

१२.नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुलाई नगरपालिका संरक्षण गर्न आवश्यक पहल गरिनेछ। अनाधिकृत रुपमा निर्मित संरचना हटाई, अतिक्रमित जग्गाहरुको लगत संकलन गरी संरक्षणको कार्य अगाडी बढाउने नीति लाई निरन्तरता दिईनेछ।

१३.नगरपालिकाबाट संचालित कार्यक्रमहरुको वार्षिक समिक्षा तथा सामाजिक परिक्षणको साथसाथै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण र वडा तथा नगर स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४.विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तनको क्रममा भएका शहिद परिवार, घाईते तथा अपाङ्ग व्यक्तिको सम्मान गर्ने नीति लिइनेछ।

१५.उत्पादनमुलक एवं बढी प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकता दिदै चालु खर्चलाई बाञ्छित सिमा भित्र व्यवस्थापन गरीनेछ । अनुत्पादक रुपमा हुने भ्रमणहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

१६.नगरपालिका तथा वडा समितिबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टेवयरको व्यवस्था गरी प्रविधि मैत्री बनाईनेछ।

१७.नगरपालिकाका गतिविधी सुचनाहरु तथा प्रगति विवरणहरुमा नगरवासीको सहज र सरल पहुँचका लागी स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, वेभसाईट तथा सामाजिक संजाल मार्फत प्रकाशन तथा प्रसारण गरिनेछ।

१८.आम जनमानसमा रहेका गुनासाहरुको उचित समाधान सहित नगरवासीहरुमा रहेका गुनासाहरुलाई नगर समक्ष पुऱ्याउनका लागि हाल सञ्चालनमा रहेका संयन्त्रलाई अझ बढी प्रभावकारी बनाउदै लगिनेछ।

१९.नगरपालिकामा रहेका सामाजिक संघसंस्थाहरु संग समन्वय गरी सामाजिक कृयाकलापहरु सञ्चालन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई कार्यक्रमहरु सञ्चालन गर्न पुर्व स्वीकृती दिंदा अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत गराउने र समन्वय गरी काम गर्ने ब्यवस्था मिलाईने छ।

२०. नगरमा विद्यमान रहेका भाषा, कला, साहित्य, संस्कृती र सम्पदालाई संरक्षण गर्न नगर प्रज्ञा प्रतिष्ठान मार्फत विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

२१. नगरपालिकाको सम्वृद्धि र विकासमा सहयोग पुऱ्याउन सफल राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरपालिकासंग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

२२. आगामी आ.व. देखि नगरको आफ्नै चमेना गृह निर्माण गरी सञ्चालनमा ल्याउने प्रक्रिया अगाडी बढाइनेछ ।

२३. नगरबाट सम्पादन हुने हरेक क्रियाकलापहरुमा विषयगत समितिको जवाफदेही भूमिका रहनेगरी कार्यसम्पादनलाई अझ बस्तुनिष्ठ बनाइनेछ ।

२४. सार्वजनिक खरिद कार्य एकद्वार प्रणालीबाट मात्र गरिनेछ ।

२५. उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपयोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न नियमित अनुगमन गरिनेछ साथै नगरपालिका भित्र रहेका सम्पूर्ण संघ संस्थाहरुको आवश्यकता अनुसार अनुगमनलाई नियमित गरिनेछ ।

२६. कर्मचारी, जनप्रतिनिधि, उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।

२७. संघिय, प्रदेश सरकार संगको समन्वयमा नगरपालिकाको वडाहरुको भौगोलिक सिमाना संसोधन गर्न आवश्यक पहल गरिनेछ ।

## (ख) **सामाजिक विकास सम्वन्धी नीतिहरु**

### स्वास्थ्य तर्फ

२८. सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई थप गुणस्तरीय, भरपर्दो र पहुँचयोग्य बनाइनेछ। नगरपालिकाभित्र मातृ तथा बाल मृत्युदरलाई शून्यमा झार्ने लक्ष्यका साथ रोकथाम र उपचारका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२९. भौगोलिक विकटताका कारण कोही पनि स्वास्थ्य सेवाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ **वडा नं. ३ र १८** का गर्भवती, सुत्केरी महिला तथा 'क' वर्गका अपाङ्गता भएका नागरिकहरूलाई स्वास्थ्य संस्थासम्म आवतजावत गर्न पूर्ण निःशुल्क वा सहुलियतपूर्ण एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

३०. नगरपालिकाभित्र पूर्ण खोप सुनिश्चितताको दिगोपनालाई निरन्तरता दिइनेछ। क्षयरोग, डेंगु लगायतका सरुवा रोग एवं सम्भावित महामारीजन्य प्रकोप नियन्त्रणका लागि द्रुत प्रतिकार्य योजना (Rapid Response Plan) निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

३१. जीवनशैलीका कारण बढ्दै गएका नसर्ने रोगहरूको समयमै पहिचान गर्न ४० वर्षभन्दा माथिका नागरिकहरूलक्षित क्यान्सर, मधुमेह (सुगर), र उच्च रक्तचाप (प्रेसर) को निःशुल्क स्क्रिनिङ तथा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

३२. नगरवासीहरूमा स्वस्थ जीवनशैली, उचित पोषण र सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। कुपोषण न्यूनीकरणका लागि 'सन्तुलित आहार र पोषण सुधार' कार्यक्रमलाई स्थानीय स्तरसम्म विस्तार गरिनेछ।

३३. सेवा प्रवाहलाई चुस्त बनाउन कार्यरत स्वास्थ्य कर्मचारीहरूको क्षमता विकास गरिनेछ। स्थानीय स्वास्थ्य सेवाको मेरुदण्डका रूपमा रहेका **महिला स्वास्थ्य स्वयंसेविकाहरूको वृत्ति-विकास तथा प्रोत्साहन** कार्यक्रम ल्याइनेछ। आवश्यकता अनुसार करारमा प्राविधिक जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरूको संस्थागत सुदृढीकरण गरिनेछ।

३४. स्वास्थ्य सम्बन्धी तथ्याङ्क, अभिलेख र प्रतिवेदन प्रणालीलाई प्रविधिमैत्री, व्यवस्थित र पारदर्शी बनाउन **'स्वास्थ्य सूचना व्यवस्थापन नीति'** तर्जुमा गरी लागू गरिनेछ।

३५. नगरपालिका क्षेत्रभित्र सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवाको गुणस्तर अनुगमन गरिनेछ। जटिल रोगहरूको उपचार र विशिष्टीकृत (Specialized) सेवाको पहुँचका लागि निजी, सहकारी तथा सामुदायिक स्वास्थ्य क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३६. विपन्न, असहाय तथा सीमान्तकृत नागरिकहरूको आकस्मिक स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न र आर्थिक अभावकै कारण उपचारबाट वञ्चित हुन नदिन नगरपालिकामा एक स्थायी र बलियो 'आकस्मिक स्वास्थ्य सुरक्षा कोष' तथा संयन्त्र निर्माण गरिनेछ।

३७. नगरवासीहरूको स्वास्थ्य अनुकूलताका लागि खाद्य वस्तुको उत्पादन, भण्डारण, वितरण तथा उपभोग स्थल (होटल, रेस्टुरेन्ट, हाटबजार आदि) हरूको नियमित रूपमा बजार अनुगमन, निरीक्षण र कानुनी नियमन कार्यलाई तीव्र पारिनेछ।

३८.वातावरणीय सुधार नै जनस्वास्थ्यको मुख्य आधार भएकाले स्वच्छ खानेपानीको उपलब्धता, उचित सरसफाइ र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन मार्फत नगरको समग्र जनस्वास्थ्यमा सुधार ल्याइनेछ।

**आयुर्वेद चिकित्सा प्रवर्द्धन सम्बन्धी नीति**

३९.आयुर्वेद औषधालयहरूको भौतिक तथा संगठनात्मक पूर्वाधार सुदृढ गरिनेछ । नागरिकलाई ३५ प्रकारका आधारभूत आयुर्वेद औषधिहरू पूर्ण रूपमा निःशुल्क वितरण गर्दै सेवाको दायरा फराकिलो बनाइनेछ ।

४०.आयुर्वेद औषधालयभन्दा टाढा रहेका, पहुँच नपुगेका ठाउँमा नियमित रुपमा "आयुर्वेद शहरी तथा गाउँघर क्लिनिक" र निःशुल्क आयुर्वेद स्वास्थ्य शिविरहरू आयोजना गरिनेछ।

४१.**"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने मूल नारालाई आत्मसात् गर्दै स्थानीय तहमा नागरिक आरोग्य कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ।

४२.नागरिकहरूको स्वास्थ्यमा सुधार ल्याउन र रोग लाग्नै नदिने वातावरण सिर्जना गर्न स्वस्थ जीवनयापन (Healthy Lifestyle) सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४३.नागरिकहरूको शारीरिक ,मानसिक र सामाजिक आरोग्यताका लागि परम्परागत आहारविहार, भान्सा सुधार (पोषणयुक्त र सन्तुलित खानपान), आयुर्वेद जीवनशैली, योग, ध्यान र प्राणायाम जस्ता अभ्यासहरूलाई स्थानीय समुदाय र घरपरिवारको तहसम्म संस्थागत गरिनेछ ।

४४.जेष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र दीर्घायुको कामना गर्दै उनीहरूको रोग प्रतिरोधात्मक क्षमता बढाउने विशिष्ट प्रकारका रसायनयुक्त आयुर्वेद औषधिहरू निःशुल्क वितरण गरिनेछ ।

४५.सुत्केरी आमा र नवशिशुको पोषण स्वास्थ्यका लागि **दुग्धवर्धक (स्तन्यवर्धक) आयुर्वेद औषधि** वितरण गर्ने विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

४६.स्थानीय स्तरमा उपलब्ध बहूपयोगी तथा औषधिजन्य जडीबुटीहरूको सही पहिचान, प्रवर्द्धन र तिनको सुरक्षित प्रयोग सुनिश्चित गर्न समुदाय स्तरमा आयुर्वेद तथा जडीबुटी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**बहुक्षेत्रीय पोषण सम्बन्धी नीति**

४७.असल खानपान र जीवन शैलीमा सकारात्मक सुधारकालागि भान्सा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

४८.**"सुत्केरी आमा पोषिलो खाना"** कार्यक्रममार्फत यस गैंडाकोट नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलालाई रु. ५ हजार सुत्केरी भत्ताको व्यवस्था लाई निरन्तरता दिइनेछ ।

४९.आर्थिक विपन्न सुनौलो हजार दिनका महिलाहरु (गर्भवती तथा सुत्केरी), किशोरी र वालवालिकाहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै कुपोषण न्यूनीकरणका साथै सामाजिक रुपान्तरणका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई नगरको साझेदारीमा थप प्रभावकारी बनाईनेछ ।

५०.जोखिम अवस्थामा परेका बालबालिकाको पोषण सुधारका लागि पोषणयुक्त आहार सम्बन्धी सचेतना कार्यक्रम सहित विपन्न परिवारलाई पोषणमा सुधार गर्न आय आर्जनको लागि आर्थिक सहयोग प्रदान गरिनेछ ।

५१.पोषणमैत्री नगर निर्माणको अवधारणा स्वरुप आगामी आर्थिक वर्षमा पोषणमैत्री नमुना बस्ति, पोषणमैत्री वार्ड निर्माण गर्दै पोषणमैत्री नगर निर्माणको लागि आधार तयार गरीनेछ ।

५२.बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सबै वडामा सामाजिक व्यवहार परिवर्तन लगायत "सुनौलो हजार दिन" कार्यक्रम सञ्चालन गरिनेछ।

५३.नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेकका चमेनागृहलाइ पोषणयुक्त खाद्य वस्तु मात्र प्रयोग गर्न आवश्यक पहल गरिनेछ ।

५४.पोषण शिक्षाको सुधारका लागि स्थानीय पाठ्यक्रममा पोषण सम्बन्धी विषयवस्तु समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनुका साथै पोषण शिक्षाको विकास गर्ने नीति लिइनेछ ।

५५.नगरभित्रका विपन्न गर्भवतीहरुसंग उप-प्रमुख भेट कार्यक्रम संचालन गरिनेछ

**शिक्षा सम्बन्धी नीति**

५६.नि:शुल्क शिक्षालाई प्रभावकारीरुपमा कार्यान्वयनका लागि सामुदायिक विद्यालयमा वालविकास देखि आधारभूत तह सम्म अभिवाबकबाट बाध्यात्मक रुपमा लिईने सहयोगलाई पूर्ण रुपमा निषेध गरी विद्यालय सञ्चालनको लागि आवश्यक न्युनतम श्रोतको व्यवस्था गर्दै कक्षा ८ सम्मको निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याइ आधारभुत तह सम्मका लागि अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

५७.**गुणस्तरीय शिक्षाको आधारशिला, सुधारिएको पाठशाला** भन्ने मुल नारा सहित गुणस्तरीय शिक्षण सिकाई वातावरण तयार गर्न विद्यालयको परिसर देखि कक्षा कोठा सम्म, शिक्षक र प्रधानाध्यापकको भूमिका देखि अभिभावकको जिम्मेवारी सम्म निर्धारण गरीएका सुचक सहितको **शिक्षाको न्यूनतम सेवा गुणस्तर मापदण्ड (EMSS)** निर्धारणका लागि बिद्यालय स्तरीकरण तथा शैक्षिक गुणस्तर परीक्षण सूचक २०८३ निर्माण गरि क्रमशः सबै बिद्यालयमा लागु गरिनेछ । सुचकको आधारमा प्रोत्साहन र पुरस्कार समेतको व्यवस्था गर्दै बिद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ । वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट वर्ष विद्यालय **(School of the Year)** लाई सम्मान तथा पुरस्कार दिईनेछ ।

५८.बालमैत्री स्थानीय शासनको नीतिगत, प्रकृयागत र कार्य कार्यान्वयनका लागि अवलम्बन, कार्यान्वयन तथा घोषणा प्रकृया सम्बन्धी कार्यक्रम लागु गरि बालमैत्री नगर घोषणा गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

५९.सामुदायिक विद्यालय र बाल बिकास केन्द्रहरुको सत्यापन कार्य सञ्चालन गरी भौगोलिकता, विद्यार्थी सङ्ख्या तथा आवश्यकताका आधारमा विद्यालय र बालबिकास केन्द्र समायोजन र शिक्षक दरबन्दी मिलान एवं व्यवस्थापन र पुनर्वितरण कार्य अगाडी बढाइनेछ सोका आधारमा निशुल्क शिक्षा कार्यान्वयनका लागि स्वयंसेवक शिक्षक परिचालन गरिनेछ । **आवासीय विद्यालय र Big School** सञ्चालन गर्ने नीति लिइनेछ ।

६०.बिद्यार्थीलाई **पढदै कमाउँदै** कार्यक्रमद्धारा उद्दमशिलता तथा उत्पादनसँग जोड्ने र शिक्षकलाई प्रविधिसँग जोड्ने क्रियाकलापहरु संचालन गरिनेछ । स्थानीय उत्पादनलाई पाठ्यसामाग्रीको रुपमा प्रयोग गरिनेछ ।

६१.**बृहत विद्यालय सुरक्षा कार्यक्रम** अन्तर्गत विद्यालयहरुमा सुरक्षित वालमैत्री, अपाङ्गमैत्री, र प्रविधिमैत्री भौतिक संरचना निर्माण, मर्मत संभार तथा सेवा सुविधा विस्तार विद्यालय सरसफाइ बालमैत्री शैक्षिक वातावरण साथै वातावरणीय अनुकुलन सौन्दर्गीकरण मार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ । एक विद्यालय एक करेसावारी कार्यक्रम संचालनमा ल्याइनेछ ।

६२.विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न आवश्यकताका आधारमा शैक्षिक सामग्री तथा पाठ्यसामग्रीहरु वितरण गर्नुका साथै वार्षिक शैक्षिक क्यालेण्डर र शैक्षिक योजना निर्माण गरी सम्पुर्ण विद्यालयको शैक्षिक गतिविधीहरुमा एकरुपता कायम गरिनेछ । शैक्षिक सामग्री तथा पाठयोजना सहितको शिक्षक डायरी र विद्यार्थी दैनिकी सहित शिक्षक र विद्यार्थीको कक्षाकोठामा प्रवेश अनिवार्य बनाइनेछ ।

६३.विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सुचना प्रविधि तालिम, शिक्षण सिकाइमा AI को प्रयोग, विद्यालय लेखा र जिन्सी व्यवस्थापन तालिम तथा प्रअहरुलाई विद्यालय व्यवस्थापन तालिम लगायत आवश्यकतामा आधारित तालिम सञ्चालन गरि प्रअ र शिक्षकको क्षमता विकासका कार्यक्रमहरु एवम् अभिभावक शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ ।

६४.सीमान्तकृत दलित, जनजाति, बाबु / आमा गुमाएका, अपाङ्गता भएका, विपन्न क्यान्सर रोगी, मृगौला रोगी, मुटुरोगीका सन्ततीहरू तथा जेहेन्दार छात्र छात्रालाई शैक्षिक उन्नयनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

६५.विषयगत अध्ययनलाई थप रुचिकर बनाउन विषयगत प्रयोगशाला स्थापनाका साथै माध्यामिक तहको विद्यालयमा स्थानीय ज्ञान र पहिचानमा आधारित सामाजिक सास्कृतिक संग्रहालयहरुको स्थापना गरिनेछ ।

६६.गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा विद्यार्थीहरुका लागि **Creative Learning with Book Free Class Program** को प्रभावकारी सञ्चालनको व्यबस्था मिलाइनेछ । आवश्यकता र बास्तविक जीवनसँग जोड्ने र कर्म सिकाउने जीवनोपयोगी सीपमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गरि कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६७.SEE दिने विद्यार्थीको मनोबल बढाई प्राप्ताङ्कमा सुधार गर्न क्रयास् कोर्स साथै **बृत्ति विकास परामर्श सेवा कार्यक्रम** सञ्चालन गरिनेछ ।

६८.**स्वस्थ र संस्कारी वालवालिका हाम्रो अभियान** कार्यक्रम संचालन गरिनेछ सोका लागि स्वास्थ्य, पोषण र आरोग्यतामा कुनै सम्झौता गरिने छैन । विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र कर्मचारीहरुको विद्यालयमानै प्राथमिक स्वास्थ्य परिक्षण गर्ने नीति लिइनेछ । साथै योग, ध्यान, प्रणायाम र संस्कार शिक्षालाई विद्यालयको कक्षाकोठ भित्र प्रवेश गराउनका लागि आवश्यक व्यवस्था

मिलाईनेछ । विद्यालय स्तरमा स्काउट ट्रुपको विस्तारलाई निरन्तरता दिइ सोको प्रभावकारी परिचालन गर्दै शिक्षक विद्यार्थीलाई अनुशासन नैतिकता र समाज सेवामा लाग्ने उत्प्रेरणा अभिवृद्दिमा जोड दिइनेछ।

६९. बालबालिकामा अन्तरनिहित विभिन्न प्रतिभाको प्रष्फुटनका लागि नगर स्तरीय अतिरिक्त क्रियाकलाप, सृजनात्मक लेखन प्रतियोगिता पढाई मेला, प्रतिभा पहिचान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षक तथा बिद्यार्थीका स्थानीय प्रतिभालाई राष्ट्रिय मञ्चहरुमा पुग्न सक्ने वातावरण बनाउन सहयोग गरिनेछ।

७०. आधारभूत तह सम्मका विद्यालयका विद्यार्थीहरुलाई टिकाई राख्न पोषण युक्त दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइनेछ। सबै विद्यालयहरुलाई जङ्क फुड निषेधित क्षेत्र घोषणा गरिनेछ। विद्यालयको १०० मिटर वरिपरिको क्षेत्रमा मदिरा र सूर्तिजन्य वस्तु बेचबिखनमा पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ।

७१. सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरु लक्षित निशुल्क रुपमा वितरण गर्दै आइरहेको सेनेटरी प्याड कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ।

७२. विपन्न परिवारका बालबालिकाहरुका लागि सुरक्षा, भरपर्दो छात्रवृत्ति, पोशाक, किताब तथा दिवा खाजाको पहुँच सुनिश्चित गरिनेछ। यसका लागि नीजि र सरकारी विद्यालयलाई प्रोत्साहन गरिनेछ।

७३. शिक्षामा समाबेशी पहुँच र गुणस्तर वृद्धिका लागि अनुसन्धानात्मक कार्यक्रमहरु गर्दै शिक्षकहरुलाई अनुसन्धानमुखी कार्यतर्फ उत्प्रेरित गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

७४. विभिन्न निकाय एवं संघसंस्थाहरुको समन्वय र सहकार्यमा सिमान्तकृत वालवालिकाको लागि जीवन उपयोगी सीप सम्बन्धी शिक्षा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

७५. स्थानीय स्तरमा स्थापित बालविकास केन्द्रहरुलाई गुणस्तरीय रुपमा सञ्चालन गर्न सरोकारवालासँगको सहकार्यमा आवश्यक नीति अवलम्बन गरिनेछ। बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारीहरु सामुदायिक सिकाइ केन्द्रका परिचालिका तथा स्रोत कक्षाको आयको पारिश्रमिकको लागि संघीय सरकारबाट प्राप्त रकममा नगरपालिकाको तर्फबाट थप प्रोत्साहन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । प्रधानाध्यापक लाई दिँदै आएको थप प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

७६. **"गैंडाकोटको इच्छा, गुणस्तरीय शिक्षा"** भन्ने नाराका साथ शिक्षा क्षेत्रमा हाम्रा गतिविधिहरु केन्द्रित हुनेछन्। सो अनुरुप व्यवहारिक र प्राविधिक शिक्षामा जोड दिइनेछ । विद्यालयमा गुणस्तरीय शिक्षाका सन्दर्भमा विद्यार्थी अभिभावक शिक्षक साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ।

७७. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयको माग तथा प्रस्तावको औचित्यताको आधारमा अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। नगरपालिका भित्रका कमजोर आर्थिक अवस्था भएका विद्यालयहरूको भौतिक स्तरोन्नति गरिनेछ।

७८. शिशु स्याहार केन्द्रको सञ्चालनमा छुट्टै संरचना निर्माण गरी सञ्चालन गर्न कानुनी प्रबन्ध मिलाइनेछ।

७९. निजि र सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ । संस्थागत विद्यालयहरूले विद्यार्थी संख्याका आधारमा प्रदान गर्ने जेहेन्दार, गरीब तथा विपन्न लक्षित छात्रवृत्ति र मासिक शुल्क निर्धारण कार्यलाई सघन नियमन गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित तथा प्रभावकारी अनुगमन र व्यवस्थापनको सुनिस्चितता गर्दै नीतिगत प्रबन्धका साथ गुणस्तरीय शिक्षालाई प्रवर्धन गरिनेछ।

८०. अध्ययनको क्रममा विचमै कक्षा छाड्ने विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि प्राविधिक सिपमुलक तालिम प्रदान गर्ने तथा हासिल गरेका सिपको आधारमा प्रमाणपत्र प्रदान गरी रोजगारी सिर्जना गर्ने वातावरण मिलाइनेछ। विद्यालय स्तरमा TVET लाई प्रभावकारी बनाइनेछ। सोका लागि रोजगार प्रदायक निजी क्षेत्रसँग समेत सहकार्य गरिनेछ।

८१. नगरपालीका क्षेत्र भित्र स्थाई बसोबास भई राष्ट्रीय तथा अन्तराष्ट्रीय स्तरमा विभिन्न विधामा विज्ञता हासील गरेका व्यक्तित्वहरुको वौद्धिक क्षमतालाई आवश्यकता अनुसार उपयोगमा ल्याउने निति अवलम्वन गरीनेछ।

८२. नेपाल सरकार, गण्डकी प्रदेश सरकार, बुद्धिजीवी, समाजसेवी, दाता लगायतको सहयोग र समन्वयमा गैंडाकोट नगरपालिकालाई **विद्यावत शहर (Knowledge City)** का रुपमा विकास गर्न उपयुक्त कार्य गरिनेछ ।

८३. शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी र गुणस्तरीय रुपमा संचालनका लागि बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ।

८४. गैंडाकोट नगरको भाषा, कला, संस्कृति, साहित्यको संरक्षणको लागि महत्वपूर्ण योगदान पुऱ्याउने श्रष्टाको सम्मानार्थ गैंडाकोट नगर प्रज्ञा पुरस्कार द्वारा सम्मान गरिनेछ।

८५.नगरपालिकामा गठित नगर प्रज्ञा प्रतिष्ठानको संस्थागत क्षमता अभिवृद्धि गर्दै नगर भित्रका प्राज्ञिक व्यक्तिहरु उत्पादनमा विशेष पहल गरिनेछ।

**युवा तथा खेलकूद सम्बन्धी नीति**

८६.**"स्वस्थ र अनुसाशित युवा विकासमा टेवा"** भन्ने नाराका साथ शिक्षा युवा तथा खेलकुद विकास शाखा मार्फत सरोकारवालाहरुको समन्वयमा विभिन्न खेलकुद कार्यक्रमहरु संञ्चालन गरिनेछ। नगरका खेलकुद कार्यक्रमहरुलाई एकद्वार प्रणालीबाट समन्वयात्मक रुपमा नगर खेलकुद विकास समिति मार्फत सञ्चालन गरिनेछ।

८७.वडाहरु मार्फत सञ्चालन गरिने खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन वडा स्तरीय खेलकुद विकास समितिलाई सकृय बनाइनेछ।

८८.खेलकुद क्षेत्रमा युवाहरूलाई आकर्षण गरी विभिन्न विधाका खेलहरूको प्रभावकारी टिम तयार गरी प्रतियोगिताहरूमा सहभागी गराउदै महिला खेलाडीहरूलाई थप प्रोत्साहन गरिनेछ साथै प्रतिभाशाली खेलाडीहरुलाई उच्चस्तरीय प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८९.वडा नं. ६, ७ र ९ को नारायणी नदि नजिकको सार्वजनिक खुल्ला चौरमा वी.पी. अन्तराष्ट्रिय खेलग्राम सङ्घीय सरकार र गण्डकी प्रदेश सरकार संगको सहकार्यमा निर्माण कार्यलाई अगाडी बढाउन थप पहल गरिनेछ। साथै नवजागरण खेलमैदान लाई मिनी क्रिकेट रंगशालामा स्तरोन्नति गर्न आवश्यक समन्वय एवं पहल गरिनेछ।

९०.गैँडाकोट वडा नं. ३, ४ र ८ को भेलरघारीमा निर्माणाधिन गैंडाकोट क्षेत्रीय रंगशालाको निर्माण कार्यलाई संघीय सरकार एवं प्रदेश सरकारसँगको साझेदारीमा पूर्णता दिन आवश्यक पहल गरिनेछ।

९१.गैंडाकोट वडा नं. १३ को सुनवर्षा मैदानलाई मनमोहन राष्ट्रिय रंगशाला, वडा नं. १६ को नगर द्वारा संरक्षित सार्वजनिक जग्गालाई धर्मभक्त टोल खेलमैदान र वडा नं. १० स्थित संयुक्त चोक मैदानलाई क्रिकेट रंगशालाको रुपमा विकास गर्न थप कार्य अगाडी बढाइनेछ।

९२.आवश्यकता तथा जग्गा जमिन को उपलब्धताको आधारमा गैडाकोटका विभिन्न वडाहरूमा कभर्डहल, वडामा फुटवल मैदान , फुटसल कोर्ट, क्रिकेट मैदान, पार्क आदिको निर्माण तथा स्तरोन्नतिको लागि आवश्यक पहल गरिनेछ ।

९३.नगर भित्र क्रियासिल खेलकुद क्लबहरुलाई नगरमा दर्ता गराई व्यवस्थित गरिनेछ साथै विद्यालय स्तरीय खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।

९४.धूम्रपान, मद्यपान, लागू औषध, दुर्व्यसनी लगाएतको न्युनीकरण गर्न नेपाल प्रहरी , गैरसरकारी संस्था अन्तर शाखासँगको सहकार्यमा लागू औषध दुर्व्यसन सम्बन्धी सचेतना तथा नियन्त्रणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरि नगर निर्माणमा युवाहरुको सहभागितामा बिशेष जोड दिन सचेतनाका कार्यक्रमहरु र सीपमूलक तालिम एवम् रोजगारी सृजना गर्ने प्रकारका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

**महिला बालिबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीति**

९५.जेष्ठ नागरिकलाई सम्मान गर्दै ज्येष्ठ नागरिकका ज्ञान, सीप, क्षमताको अन्तरपुस्ता हस्तान्तरण गर्ने नीति लिईनेछ।

९६.ज्येष्ठ नागरिकहरूको शारीरिक सक्रियता बढाउन,स्वस्थ र सक्रिय वृद्धावस्थाको अवधारणालाई प्रोत्साहन गर्न, नयाँ ठाँउ,सँस्कृति इतिहास तथा विकासका अभ्यासबारे जानाकारी प्राप्त गर्न,ज्येष्ठ नागरिकहरुबिच आपसी चिनजान बढाउन धार्मिक स्थल भ्रमण गराईनेछ।

९७.अशक्त र अति विपन्न अवस्थामा रहेका ज्येष्ठ नागरिकहरुको सहज जिवनयापनको लागि सहायता सामाग्री वितरण गर्ने नीति लिईनेछ। साथै ज्येष्ठ नागरिकहररुलाई एकअर्कामा सुचना आदान प्रदान गर्न ,सामाजिक सम्बन्ध कायम गर्न र फुर्सदको समय बिताउन चौतारी निर्माण गरिनेछ।

९८.एकल ,द्धन्द्ध पीडीत तथा प्रभावित,गरिब तथा बिपन्न समुदायका, दलित र जनजाती समुदायका महिलाहरुको आर्थिक सशक्तिकरण, निर्णय क्षमतामा वृद्धि उद्यमशिलताको विकास गर्ने उद्धेश्यले सीपमूलक तालिम प्रदान गरिनेछ।

९९. बालश्रम, बाल विवाह, बहुविवाह, दाईजो प्रथा, छुवाछुत लगायतका कुप्रथा र कुरीति न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१००. बिभिन्न जातजाति, लिंग, भाषा, धर्म संस्कृति, वर्ग, क्षेत्र र समुदायको पहिचान सम्मान तथा संरक्षण गर्ने नीति लीइनेछ।

१०१. सडक बालबालिका तथा अभिभावकविहीन बालबालिकाका लागि बाल संरक्षण केन्द्रहरूसँग समन्वय गरी नगरपालिकाले त्यस्ता बालबालिकाहरुको स्वामित्व नगरपालिकाले ग्रहण गर्नेछ ।

१०२. बालश्रम र सडक बालबालिकालाई शुन्य बनाउने नीति अबलम्बन गरिने छ । बालबालिकाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि बाल क्लबहरूको गठन,पुर्गठन तथा क्षमता विकास गर्ने नीति अवलम्बन गरीनेछ ।

१०३. समाजमा विद्यमान महिला तथा बालबालिका माथि हुने गरेका शारीरिक तथा मानसिक हिंसा, बलात्कार बोक्सी प्रथा, श्रम शोषण, अनर्गल लाञ्छना, शिक्षामा विभेद लगायत आर्थिक सामाजिक एवं राजनैतिक शोषण जस्ता कुरीति विरुद्धमा नगरबासी महिलालाई सचेत बनाउने र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०४. दलित यूवाहरुलाई लक्षित गरि नेतृत्व विकासका कार्यक्रम संचालन गरिनेछ ।

१०५. किशोरीहरुमा आत्मविस्वास बढाउनुका साथै आत्मरक्षाको विकास गर्न उपमेयरसँग किशोरी कार्यक्रम गरिनेछ ।

१०६. बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि सुरक्षा निकायहरुसंगको सहकार्यमा बिशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. बालक्लब तथा बालक्लव संजालहरुको क्षमता विकास, आबद्धता, दर्ता नविकरण तथा बालबालिकाको प्रतिभा प्रष्फुटन गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०८. लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नीति निर्माणतहमा महिलाको अर्थपूर्ण सहभागीता तथा प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ ।

१०९. द्वन्द पिडित तथा प्रभावित महिला बालबालिका तथा परिवारका सदस्यहरुलाई सिपमुलक तथा क्षमता अभिवृद्धि तालिम दिई आत्मनिर्भर बनाईनेछ ।

११०. लैङ्गिक उत्तरदायी तथा समाबेसी बजेट परिक्षण गरी लक्षित समुदायको आर्थिक तथा वित्तीय स्रोतमा पहुँच अभिवृद्धि सुनिश्चित गरिनेछ । महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

१११. "**महिला उद्यमशिलता विकास कार्यक्रम**" अन्तर्गत महिलाहरुको रोजगारी, वित्तीय पहुँच र सम्पत्ति माथिको नियन्त्रण र स्वामित्वमा सहजिकरण गर्दै महिला सशक्तिकरण गर्नको लागि जिविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइनेछ ।

११२. विपन्न बर्गका अपाङ्गहरुलाई लक्षित गरी अपाङ्ग स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्दै "ग" बर्गको अपाङ्गता स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११३. अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक कार्यक्षमता अभिवृद्धि गर्न,परनिर्भरता कम गर्न र पुनर्स्थापनामा सहयोग पुर्याउने उद्धेश्यले अपाङ्तगा सहायता सामाग्री वितरणको व्यवस्था गरिनेछ ।

११४. सरकारी संस्थाहरुमा स्तनपान कक्षलाई व्यवस्थित बनाउदै लगिनेछ ।

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्बन्धी नीति**

११५. जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइँसराइ लगायतका व्यक्तिगत घटनाहरू ३५ दिनभित्र अनिवार्य दर्ता गराउने अभियान सञ्चालन गरी शतप्रतिशत घटना दर्ता सुनिश्चित गर्ने नीति लिईनेछ।

११६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवाको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धित जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमको महत्वबारे नागरिकमा सचेतना अभिवृद्धि गर्न वडा तहसम्म सूचना, शिक्षा तथा सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वास्तविक लाभग्राहीको पहिचान सुनिश्चित गर्न बायोमेट्रिक तथा आइरिस प्रमाणीकरण प्रणालीको प्रयोग विस्तार गरिनेछ। साथै दोहोरो लाभग्राही, गलत विवरण तथा अनियमितता नियन्त्रण गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

११८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कठिनाइ भएका विकट क्षेत्रका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लाभग्राहीहरूको सहज पहुँच सुनिश्चित गर्न बैंकसँग समन्वय गरी घर नजिकको पायक पर्ने स्थानबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

११९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवामा सुशासन, उत्तरदायित्व र सेवाग्राही सन्तुष्टि अभिवृद्धि गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ ।

### (ग) <u>पूर्वाधार तथा भौतिक विकास सम्वन्धी नीतिहरु</u>

१२०. नगर यातायात गुरुयोजना र स्वीकृत भू-उपयोग योजनाको आधारमा मात्र नगरभित्रका सडकहरूको वर्गीकरण र 'Right of Way' को कानूनी मापदण्ड पूर्णतः पालना गरिनेछ ।

१२१. महेन्द्र राजमार्ग र कालिगण्डकी कोरिडोरसँग नगरका सम्पूर्ण वडाहरू जोड्न बाह्रै महिना यातायात सञ्चालन हुने पक्की सडक, रिङ्ग रोड तथा मोटरेवल पुलहरूको बहुवर्षीय योजना मार्फत आवश्यक पूर्वाधार निर्माण गरिदै लगिनेछ।

१२२. महेन्द्र राजमार्गको गैँडाकोट-अमरापुरी सडक खण्डमा तीव्र शहरीकरण र सवारी चापका कारण बढ्दो दुर्घटना न्यूनीकरण गर्न सङ्घीय र प्रदेश सरकारसँगको समन्वयमा AI आधारित सीसीटीभी क्यामेरा, स्मार्ट ट्राफिक म्यानेजमेन्ट, अत्याधुनिक फ्लाईओभर, अण्डरपास तथा प्रमुख चोक एवं घुम्तीहरूको प्राविधिक सुधार गर्न पहल गरिनेछ।

१२३. प्रमुख बजार केन्द्रहरूमा अपाङ्गता, बाल तथा ज्येष्ठ नागरिकमैत्री फुटपाथ, विश्रामस्थल र व्यवस्थित साइकल मार्ग निर्माण गरिनेछ।

१२४. नेपाल विद्युत प्राधिकरण र सामुदायिक वनहरूको सहकार्यमा मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ती, High Mast र मिनी मास्ट बत्ती जडान र विस्तार गरिनेछ । साथै नगर क्षेत्र भित्रको राजमार्गको दायाँबायाँ तथा वीच भागमा हरियाली प्रवर्धन र सौन्दर्यीकरण गरिनेछ । यस कार्यमा बैंक तथा वित्तीय संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१२५. शहरी क्षेत्रको वर्षात्को पानी व्यवस्थापनका लागि प्राकृतिक जलप्रवाहलाई अवरोध नपुऱ्याउने गरी भल निकास गुरुयोजना लागू गरिनेछ।

१२६. नगरका भित्री सडकहरूलाई न्यूनतम ६ मिटर कायम गरी ढल, भल निकास र खानेपानी पाइपलाइनको एकीकृत निर्माण गर्नुका साथै पूर्वाधारको दिगोपनका लागि कन्टेन्जेन्सीको ३३% प्रतिशत रकम अनिवार्य रूपमा मर्मत-सम्भार कोषमार्फत 'पूर्वाधार एम्बुलेन्स' सहितको प्राविधिक टोली परिचालन गरिनेछ ।

१२७. सरकारी, सार्वजनिक, सामाजिक संस्था तथा निजी भवन निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक पूर्वाधार मापदण्ड र परिमार्जित राष्ट्रिय भवन संहिताको पूर्ण कार्यान्वयन सुनिश्चित गर्दै विद्युतीय घरनक्सा पास प्रणालीमार्फत सम्पूर्ण कागजातहरूको डिजिटाइजेसन र नक्सापास प्रक्रियालाई सरलीकृत गरिनेछ ।

१२८. निर्माणाधीन अवस्थामा रहेको जातीय संग्रालयको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१२९. नगर क्षेत्रभित्र नक्सापास नगरी संरचना निर्माण गर्ने वा संरचना अभिलेखीकरण गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा निरूत्साहित गर्दै नक्सापासको प्रमाणपत्रका आधारमा मात्र विद्युत तथा खानेपानी जस्ता आधारभूत सेवाहरू उपलब्ध गराउने कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

१३०. नगर क्षेत्रभित्र तीव्र रूपमा विस्तार भइरहेका साना, मझौला तथा ठूला उद्योगहरूलाई आवासीय क्षेत्रबाट अलग राख्न विशिष्ट औद्योगिक क्षेत्रको पहिचान, सम्भाव्यता अध्ययन र पूर्वाधार पहुँच विस्तार गरिनेछ।

१३१. भवन निर्माण गर्दा वातावरणीय प्रतिकूलता न्यूनीकरण गर्न सौर्य ऊर्जा जडान र वर्षात्को पानी सङ्कलन तथा पुनर्प्रयोग गर्ने प्रविधिलाई प्रयोग गर्न प्रोतासाहित गरिनेछ।

१३२. नारायणी नदीको आकस्मिक बाढी, कटान र डुबानबाट सुरक्षित राख्न सङ्घीय र प्रदेश सरकारको समन्वयमा तटीय व्यवस्थापन गुरुयोजना अनुरूप जैविक इन्जिनियरिङ सहितको स्थायी, जलवायु-अनुकूलित तटबन्ध निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

१३३. नारायणी नदी किनार क्षेत्रमा नदी नियन्त्रण कार्यका साथसाथै स्नान स्थल, व्यवस्थित शवदाह स्थल, अत्याधुनिक पदमार्ग, साइकल लेन, मनोरञ्जन क्षेत्र, जलाशय सहितको पिकनिक स्पट र जल यात्राको सम्भाव्यता अध्ययन गरी सार्वजनिक-निजी साझेदारीमा पर्यटकीय पूर्वाधार विकास गरिनेछ।

१३४. जनसहभागितामुलक विकास पद्दतिलाई प्रोत्साहन गर्न नगरको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत सहभागितामा पूर्वाधार विकासका योजनाहरु प्रथामिकता साथ सञ्चालन गर्न बजेट व्यवस्थापन गरिनेछ ।

१३५. उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता समिति एवं निर्माण व्यवसायीलाई पुरस्कृत गरिने निति लिइने छ ।

१३६. गैंडाकोट नगरपालिकाको वडा-१०-१७ को नारायणी नदि तटिय मध्यवर्ती क्षेत्रमा वन्यजन्तुको प्रवेश रोकी मानवीय तथा बालीनालीको क्षति न्यूनीकरण गर्न मेशजाली निर्माण कार्यलाई पूर्णता गर्न निरन्तरता दिइनेछ।

१३७. खरिद प्रणालीमा पारदर्शिता ल्याउन आर्थिक वर्षको साउन मसान्तभित्र एकीकृत खरिद गुरुयोजना स्वीकृत गरिनेछ।

१३८. बजेट सुनिश्चितता र दीगो स्रोत आकलनका लागि योजनाहरूलाई वार्षिक खरिद योजना र मध्यमकालीन खर्च संरचनासँग अनिवार्य आबद्ध गरिनेछ।

१३९. कुल पूर्वाधार बजेटको न्यूनतम ६० प्रतिशत हिस्सा रणनीतिक तथा बहुवर्षीय गौरवका आयोजनाहरूमा मात्र विनियोजन गरी खुद्रे योजनाहरूलाई निरुत्साहित गर्न प्रति योजना न्यूनतम बजेट सिलिङ दुई लाख रुपैयाँ तोकिनेछ।

१४०. रोजगार सिर्जना गर्ने बाहेकका जटिल प्राविधिक प्रकृतिका आयोजनाहरू उपभोक्ता समितिबाट गराइने छैन र उपभोक्ता समितिले कार्यादेश लिएपछि अन्य कुनै निर्माण व्यवसायी वा ठेकेदारलाई अमूर्त रूपमा ठेक्का दिएको पाइएमा सो सम्झौता तुरुन्त रद्द गरी दण्डित गरिनेछ।

१४१. उपभोक्ता समितिबाट हुने योजनाहरू अनिवार्य रूपमा फाल्गुन मसान्तभित्र सम्झौता गरी जेष्ठ मसान्तभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

१४२. गैंडाकोट नगरपालिकाले आगामी आ.व मा विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन सुनिश्चित भएका नगर गौरवको आयोजनाहरूलाई मात्र आयोजना बैंकमा समावेश गर्न प्राथमिकता दिइनेछ।

१४३. न्यायिक निकायहरूबाट फैसला भई फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि र नगरभित्र रहेका सम्पूर्ण सार्वजनिक तथा सरकारी ऐलानी जग्गाहरूको अभिलेखीकरण गरी सोको संरक्षण र सिमाना घेराबार गरिनेछ र त्यस्ता जग्गाहरूलाई क्रमशः पर्यटकीय स्थलको रुपमा विकास गर्ने निति लिइनेछ।

१४४. महेद्र राजमार्गमा यात्रा गर्ने यात्रुहरुलाई मध्यनजर गर्दै नगरको पहिचान झल्किने गरि राजमार्गको दुवै तर्फ गैंडाकोट नगरपालिका प्रवेशको सांकेतिक आभास दिलाउन दुवै तर्फको प्रवेश विन्दुमा गैंडाको मूर्ति सहित हरियाली प्रवर्धनको व्यवस्थापन मिलाइने छ।

१४५. पूर्वाधार विकासका आयोजना सम्बन्धि अध्ययन, निर्माण, संचालन तथा व्यवस्थापन लगायत अन्य कार्यलाई समेत व्यवस्थित, प्रभावकारी, पारदर्शी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरी भइरहेका योजना को अनुगमन गर्न सि.सि क्यामेरा सहितको डिजिटल संयन्त्रको व्यवस्था गरिनेछ।

१४६. सडकमा प्रयोग गर्ने मोजाइक टायलहरु आवश्यकता अनुसारको भारवाहन क्षमताको होस भन्ने उदेश्यले Nepal Standard(NS, M35 Compressive Strength) प्रयोग गरिनेछ भने मन्दिर, पार्क लगायतका भारी सवारी साधन नहिड्ने ठाँउमा न्युनतम M20 Compressive Strength भएको मोजाइक टाइलको प्रयोग गर्ने नीति लिइनेछ।

**सञ्चार तथा सूचना प्रविधि सम्बन्धी नीति**

१४७. सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ।

१४८. यस क्षेत्रको भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पहिचानलाई प्रवर्द्धन गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१४९. नगर भित्रका पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन स्वरुप आगन्तुक पर्यटकहरुको सहजताका लागि निजि क्षेत्रको सहकार्यमा पर्यटक सुचना केन्द्रको स्थापना गरी सञ्चालन गर्ने नीति लिइनेछ।

१५०. नागरिकहरुमा सूचनाको पहुँचमा विस्तार गर्न नगरपालिकाका हरेक क्रियाकलापहरुलाई website एवं social media मार्फत सार्वजनिकिकरण गरिनुका साथै नगरबाट प्रदान गरिने सेवाहरु सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ।

१५१. नगरको विकास योजना, सार्वजनिक सम्पत्तिको लगतलाई वैज्ञानिक बनाउन भौगोलिक सूचना प्रणालीमा आधारित महत्वपुर्ण स्थानहरुको अवस्थिति सहितको डिजिटल नगर प्रोफाइललाई पूर्णता दिई घर-घरमा मेट्रिक प्रणालीको नम्बर प्लेट जडान गरिनेछ।

१५२. नगर प्रोफाइललाई सार्वजनिक सेवा प्रवाह संग आबद्दता गर्दै सेवामा आउन सक्ने झन्झट लगायत अन्य प्रशासनिक कठिनाईलाई कम गर्दै लगिनेछ।

१५३. बर्तमान परिवेशलाई मध्यनजर गर्दै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई कृतिम बुद्दिमत्ता लगायत सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।

## (घ) <u>आर्थिक विकास सम्वन्धी नीतिहरु</u>

*आगामी आर्थिक बर्ष कृषि, उद्यमशीलता, पर्यटन,रोजगारी र सहकारी आर्थिक विकासको मेरुदण्डको रुपमा प्राथमिकीकरण गरिएको छ ।*

**सहकारी सम्बन्धी नीति**

१५४. नगरक्षेत्रमा रहेका सवै बैंक तथा वित्तिय संस्थाहरुको अभिलेख अध्यावधिकरण गर्दै नगरलाई सहकारी हवको रुपमा विकास गरिनेछ ।

१५५. उत्पादक सहकारी संस्थाहरुसंगको सहकार्यमा साइलेस, पास्टराइजर, कोल्ड रुम प्लान्ट निर्माणमा प्राथमिकता दिइनेछ ।

१५६. Zen Z प्रदर्शनको क्रममा नष्ट भएको कार्यालयको अभिलेख पुनःस्थापना गरिने छ, नियमित तथा आवस्यकता अनुसार सघन अनुगमन गर्दै सहकारीहरुलाई नीति विधि र प्रविधिमा सञ्चालन गरिने छ । सहकारी नियमन तथा नीतिगत कामकालागि नगरस्तरीय सहकारी समिति र कार्यविधि वनाईने छ ।

**श्रम, रोजगार, सिप विकास तथा उद्यमसिलता सम्बन्धी नीति**

१५७. जनशक्ति प्रक्षेपण, विकास एवं व्यवस्थापन गर्दै स्थानीय स्तरमा उपलब्ध रोजगारीको अवसरहरुको पहिचान र प्रवर्द्धन गरिनेछ ।

१५८. नगरपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउनका लागि सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । त्यस्ता आयोजनाहरुमा बेरोजगारलाई प्राथमिकता दीई सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ ।

१५९. बढ्दो गरिवी तथा बेरोजगारीलाई सम्वोधन गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तर्गत सीप तालिम सम्पन्न गर्नेका लागि टेवा पुँजी तथा प्रविधि उपलब्ध गराईने छ । स्थानीय श्रोतबाट बनेको सालको पातको दुना टपरीको प्रयोग विस्तार गर्दै प्यास्टिक जन्य सामाग्रीको उपयोगलाई कम गरिने छ । स्थानीय उद्यमहरुलाई स्थानीय उत्पादकहरु संग जोडिने कार्यक्रमहरु गरिने छ ।

१६०. आन्तरिक रोजगारी प्रर्वधन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार, युवा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई सिप मुलक ब्यबसायिक तालिम दिइनेछ ।

१६१. रोजगारीमा पहुच बढाउन श्रम बजारको आवश्यकता अनुसार सिप विकास तथा पुन:सिप ( Re skilling ) कार्यक्रम संचालन गरिनेछ

१६२. श्रमिकहरुको हक हित र श्रम अधिकारको संरक्षण गर्दै दक्ष कामदारको नक्सांकन तथा दर्ता गरी डिजिटल अभिलेखीकरण सहित नियमित अनुगमन गरिनेछ

१६३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ र बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक, कानुनि सहायता, छात्रवृत्ति समस्यामा परेका युवाहरुलाई उद्दार र क्षतिपुर्ति लगायत सहायता कार्यक्रमलाई सहजीकरण गरिनेछ ।

१६४. सुरक्षित् मर्यादित तथा उत्पादनसिल रोजगारीको प्रवर्धन गर्न निजि क्षेत्र सहकारी तथा स्थानीय निकायसंग समन्वय गरिनेछ

१६५. बैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुको सिप ज्ञान अनुभवको सदुपयोग गर्न तथ्यांक संकलन गर्दै सामाजिक तथा आर्थिक पुन:एकीकरण गर्न सहजीकरण गरिनेछ ।

१६६. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको पेशागत विवरण संकलन गरी सिप परिक्षणमा सहभागी गराई क्षमता अभिवृद्धि गरिनेछ

१६७. सामी परियोजना द्वारा सञ्चालन हुने मनोसामाजिक परामर्श र वित्तीय साक्षरता कार्यक्रमलाई थप बैज्ञानिक र प्रभावकारी तुल्याई आगामी वर्षमा समेत निरन्तरता दिईनेछ ।

**कृषि विकास सम्बन्धी नीतिहरु**

१६८. स्थानीय श्रम, सीप र साधनको नवप्रवर्धन गर्दै कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

१६९. कृषिजन्य उत्पादनमा कृषि बिमा प्रणालीलाई प्रोत्साहन गर्दै कृषकका उत्पादनहरुको सुरक्षा गरिनेछ ।

१७०. कृषिलाई आधुनिकिकरण, यान्त्रिकरण, व्यवसायिकरण र विविधिकरण गरी रोजगारीका थप अवसरहरु सिर्जना गरीनेछ ।

१७१. नगरपालिका क्षेत्रका सम्भावित कृषियोग्य व्यवसायहरुको पहिचान गरी एक समुह, एक कृषि नमुना व्यवसायिक खेतीका लागि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराईने छ।

१७२. "**गैंडाकोटको भिजन, मकै सबै सिजन**" भन्ने नारालाई सार्थकता दिने कार्यक्रमहरुको निरन्तरता दिइनेछ ।

१७३. नगरक्षेत्र भित्र विभिन्न खाद्यान्न बाली र नगदेबालीका लागि विशेष पकेट क्षेत्र तोकी ती क्षेत्रको प्रवर्द्धनका लागी आय आर्जन केन्द्रित, सीपमूलक, जनचेतना प्रवर्द्धनात्मक गतिविधी सञ्चालनमा ल्याईनेछ ।

१७४. किसानहरुलाई उन्नत विउबिजनका साथै रोगकिरा नियन्त्रणको लागि प्रविधि हस्तानतरणको निति अवलम्बन गरिनेछ।

१७५. भूमीको उत्पादकत्व वृद्धि गर्न माटोको गुणस्तर परीक्षण प्रयोगशाला, सतह र भूमिगत सिंचाई कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

१७६. फलफूल खेती तर्फ आकर्षण गर्दै कागती, आँप, लिची, भुईकटहर र केरा खेतीमा लगानी गर्न प्रोत्साहित गरिनेछ। यसका लागि अगुवा कृषकहरुलाई सिचाई तथा प्राविधिक ज्ञान उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१७७. कृषि योग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिका भित्र रहेका सम्पूर्ण कृषि योग्य जमिनमा खेति गर्न प्रोत्साहन गरिनेछ ।

१७८. दैनिक जसो उपभोग हुने तरकारीमा अत्यधिक बिषादिको कारण मानव जनस्वास्थ्यमा असर पुर्याई घातक रोग लाग्ने र मानिस दिर्घरोगी हुने समस्यालाई कम गर्नको लागी आफुले उपभोग गर्ने तरकारी आफ्नै करेसाबारीबाट अर्गानिक तरकारी उत्पादनको लागी बिशेष पहल गरिने छ ।

१७९. गैंडाकोट नगरपालिका भित्र उत्पादन भएको अदुवा बेसारलाई प्रशोधन, लेबलिङ्ग र प्याकेजिङ्गमा निजि क्षेत्र संग साझेदारी गरिनेछ ।

१८०. राष्ट्रिय रुपमा मनाइने चाडपर्वलाई लक्षित गरी फूल खेतीलाई प्रोत्साहन गरिनेछ ।

१८१. "**दुई बालि धान लगाउँ खाद्य सुरक्षा रोजगारको आधार बनाउ**" भन्ने नारालाई निरन्तरता गर्दै चैते धानको क्षेत्र बिस्तार गरिनेछ साथै चैते धानको उन्नत बिउ उत्पादनमा जोड दिईनेछ।

१८२. किसान सूचीकरण कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१८३. गैंडाकोट वडा नं. ३ र १८ मा तरुल खेतीलाई आधुनिक प्रविधि प्रयोग गरी उत्पादन र उत्पादकत्त्व वृद्धी गरिनेछ।

१८४. गैंडाकोट-१८ मा स्थापित केरा तथा चिया बगानलाई विस्तार गरी उत्पादनको साथै पर्यटन वृद्धी गरिनेछ।

१८५. सुन्तलाजात फलफूलको उत्पादन वृद्धीका साथै बजारिकरण र प्रशोधनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**पशुपन्छी विकास सम्बन्धी नीतिहरु**

१८६. पशु स्वास्थ्यलाई नियमन गर्न पशु वस्तुको हबको रुपमा रहेको हर्कपुर/मुकुन्दपुर क्षेत्रमा आधारभूत पशु प्रयोगशालाको स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

१८७. पशुपालक कृषक समुह दर्ता तथा फर्म दर्ता गरेका कृषकलाई नगरपालिकाबाट हुने पशु सेवा कार्यक्रममा बिशेष प्राथामिकता दिईनेछ।

१८८. संघ, प्रदेश अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्यमा विभिन्न कृषि अनुसन्धानात्मक गतिविधि गरिनेछ ।

१८९. पहाडी तथा चरण क्षेत्र नजिकका वडाहरुलाई बाख्रा पकेट क्षेत्रको रुपमा बिकास गर्ने निति अनुरुप बाख्रा प्रबर्द्धन कार्यक्रम सञ्चालनमा ल्याई मासुमा आत्मनिर्भर बनाईनेछ ।

१९०. नगरको स्रोतसाधनको परिचालन गरी पशुपालनमा उत्पादकत्व वृद्धि तथा उत्पादन लागत घटाउन लागि यान्त्रीकरणमा आधारित पशुपालनलाई प्राथमिकता दिदै पशुधनको बिमा गर्ने कार्यमा प्रोत्साहन गरिनेछ ।

१९१. नगरको यातायात र बजारीकरणको हिसाबले पूर्व पश्चिम राजमार्गसंग जोडिएको बजारको पूर्वाधारको विकास बुद्धि गरि उत्पादन सहायता उपलब्ध गराउने कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ ।

१९२. पशु नश्लसुधार अन्तर्गत कृतिम गर्भाधान कार्यक्रमबाट दध उत्पादनमा वृद्धि गर्नका लागि यस नगर क्षेत्रमा गाई भैसीमा कृतिम गर्भाधान सेवा पुर्याउदै आएकोमा यस कार्यलाई आगामि बर्षमा उच्च प्राथिमिकता साथ निरन्तरता दिईनेछ।

१९३. सामुदायिक कुकुर नियन्त्रणका लागि सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१९४. स्याल न्याउरी मुसा तथा छाडा कुकुरको टोकाईबाट बधुवा पशुबस्तुमा रोग संक्रमण फैलने गरेकोले पशु चौपायाको सुरक्षाको लागि सुरक्षित खोर गोठ तार जाली कार्यक्रम सञ्चालन गरिनेछ ।

१९५. दुध उत्पादनमा ह्रास आउने खोरेत, भ्यागुते जस्ता संक्रामकजन्य रोगहरुबाट पशुधनको क्षति नहोस भनि हरेक बर्ष उक्त रोगहरु बिरुद्ध निःशुल्क खोपकार्यलाई प्रादेशिक निकायहरुको सहकार्यमा अघि बढाइनेछ।

१९६. पशुवस्तुमा आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

१९७. दुधको प्रशोधन गरी उच्च मूल्य युक्त पौष्टिक खाद्यबस्तु उत्पादन गर्न दुग्ध सहकारी संस्था तथा पशु फर्महरुलाई तालिम र अनुदान सहयोग उपलब्ध गराईएकोमा उक्त कार्यक्रमहरुलाई तिनै तहको सरकारहरुको समन्वयनमा अघि बढाईनेछ साथै नगरको आफ्नै मिल्क पाउडर प्लान्ट स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१९८. छाडा पशु चौपायाहरुको व्यवस्थापनका लागि नजिकका पालिकाहरु र संस्थाहरुसंग समन्वय गरी कान्जी हाउस तथा अन्य आवश्यक व्यवस्थाका लागि पहल गरीनेछ।

१९९. अस्वस्थकर मासु विक्रीमा नियमन गर्न अनुगमनलाई थप प्रभावकारी बनाउदै निजि क्षेत्रको सहकार्यमा पशु बधशाला सञ्चालन गरीनेछ।

**उद्योग व्यवसाय सम्बन्धी नीति**

२००. 'क', 'ख' र 'ग' वर्गका अपाङ्ग वाट संचालित २० लाख भन्दा कम पुँजी भएका साना तथा घरेलु व्यवसायको व्यवसाय दर्ता तथा नवीकरणमा लाग्ने करमा क्रमश ८०% , ७०% र ५०% छुट लाई निरन्तरता दिदै आगामी आर्थिक वर्षबाट 'घ' बर्गका अपाङ्गबाट संचालित सोहि प्रकृतिका व्यवसायको दर्ता तथा नविकरणमा समेत २५ % छूट दिइनेछ ।

२०१. बढ्दो गरिवी तथा बेरोजगारीलाई सम्बोधन गर्न गरीवी निवारणकालागि लघु उद्यम विकास कार्यक्रम लगायत कार्यक्रमहरु लक्षित बर्गमा गई समुदायकै रोजाई अनुसार स्वउद्यमी बनाउन सिपमुलक तालिम सञ्चालन गरी प्रविधि तथा उपकरण हस्तान्तरण गरीनेछ।

२०२. लक्षित बर्गको कार्यक्रम अन्तर्गत संचालित सिपमुलक तालिममा सहभागीता गराउदा दोहोरियर सहभागिता जनाउने प्रवृति लाइ निरुत्साहित गर्दै नयाँलाई प्राथमिकता दिइनेछ र तालिममा सहभागिहरुको अभिलेखीकरण गर्दै लगिनेछ ।

२०३. स्वरोजगारी र उद्यम सिर्जना गर्न तथा उद्यमी वनेकालाई टिकाईराख्न बाहिरबाट आयात हुने खादा लगाएतका बस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय उद्यमबाट उत्पादित बस्तुलाई प्रवर्द्धन गरिनेछ।

२०४. संघीय सरकारको एक पालिका एक औद्योगिक ग्रामको अवधारणा अनुरुप गैंडाकोट नगरपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकार संगको समन्वयमा आवश्यक पहल गरिनेछ।

२०५. स्थानीय स्तरमा उत्पादित घरेलु मदिरालाई गुणस्तरीय बनाई लेबलिंग गरी व्यवसायीकरण गर्ने नीति अबलम्बन गरिनेछ।

२०६. परम्परागत पेशा, सीपमा आधारित व्यवसायलाई प्रविधीमैत्री वनाउदै आधुनिकिकरण गर्न प्रोत्साहन गरिनेछ।

२०७. नगरभित्र रहेका साना ठुला उद्योग, व्यवसायहरुको उद्योग बाणिज्य संघ संगको सहकार्यमा औद्योगिक तथा व्यवसायिक बातावरण प्रदान गरिनेछ । साथै नगर भित्रका वित्तीय संस्थाहरुको सञ्चालन बाट नगरको आर्थिक गतिविधि चलायमान बनाईने छ।

२०८. ब्यवसाय दर्ता तथा नवीकरणलाई अभियानकै रुपमा सञ्चालन गरिने छ। हाट वजाहरु ब्यवस्थित गरिने छ। उद्योग बाणिज्य संघ गैडाकोट संगको सहकार्य र गुण नियन्त्रण तथा नापतौल कार्यालयको प्राविधिक सहयोगमा नापतौल उपकरण चेक जाँच कार्यक्रमहरु गरिने छ।

२०९. सम्वन्धित निकायहरु संगको सहकार्यमा नियमित तथा आकस्मिक अनुगमन गरिने छ। खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धमा प्रयोगात्मक तालिम दिईने छ।

२१०. आम उपभोक्ताको हितलाई ध्यान दिदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान सञ्चालन गरिनेछ।

२११. नगरपालिका भित्रका सम्पूर्ण व्यवसायलाई नगरपालिकामा दर्ता गर्न विशेष अभियान सञ्चालन गरिनेछ। व्यवसायमा अनिवार्य मूल्य सूची राख्ने व्यवस्था कडाईका साथ लागू गरिनेछ।

२१२. निजि क्षेत्रको साझेदारीमा व्यवसाय प्रवर्धन तथा व्यवस्थापन कार्यक्रमहंरु गरिनेछ।

**पर्यटन सम्बन्धी नीति**

२१३. गैंडाकोट नगरपालिकाको आर्थिक विकासको बलियो सम्भावना बोकेको धार्मिक पर्यटनको विकासका लागि नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरु समेटिएको धार्मिक तथा पर्यटकीय गुरु योजना यसै वर्ष तयार गरिनेछ।

२१४. स्थानीय पहिचान, प्रचारप्रसार र स्थानीय उत्पादनलाइ प्रवर्धन गर्न अन्य संघ सस्था संगको साझेदारीमा पूर्व पश्चिम चल्ने सवारी साधनलाई लक्षित गरि कोशेली घर सहितको एक बिश्रामस्थल निर्माण गरी सञ्चालन गरिनेछ।

२१५. वडा नं १८ को बसेनी क्षेत्रलाई हिल स्टेशनको रूपमा विकास गर्न पूर्वाधार विकासमा निजी क्षेत्रलाई प्रोत्सहान गरिने छ।

२१६. होमस्टे, जलपर्यटन, धार्मिक पर्यटन, नदीतट पर्यटन व्यवस्थापन र सञ्चालन गरिने छ।

२१७. थारु, दरै, कुमाल, बोटे, माझि, मुसहर लगायत अन्य समुदायहरुको भेषभुषा र संस्कृति संरक्षण गरी यसलाई स्थानीय पर्यटन प्रवर्धन संग जोडिनेछ।

२१८. गैंडाकोट नगरपालिकाको वडा नं. १,३,१४,१७ र १८ मा  सामुदायिक होमस्टे सञ्चालन गर्न आवश्यक प्रोत्साहनको नीति लिईने छ। जसले तहाँको  समुदायलाई आर्थिक उन्नति एवं पर्यटकीय क्षेत्रको पहिचान बढाउन टेवा पुग्नेछ।

२१९. गैंडाकोट नगरपालिका क्षेत्र भित्र रहेका मौलिक संस्कृतिको रुपमा परिचित वहु सांस्कृतिक भेषभुषा, जात्रा मेला र परम्परागत वाजालाई संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रुपमा स्थापित गरिनेछ

२२०. पर्यटकीय क्षेत्रमा संघ तथा प्रदेशसँग समन्वय गरी पूर्वाधार निर्माणको कार्य अगाडि बढाईनेछ। ढबाह ताल र झरना लगायत सिमसार क्षेत्रको संरक्षण गर्दै थप पर्यटकिय गन्तव्यको खोजी गरिनेछ।

२२१. नगरक्षेत्र भित्र तथा नगरपालिकासंग रुट मिल्ने बाह्य गन्तब्य सहितको पर्यटकीय गन्तब्य पहिचानका लागि स्थलगत अध्ययन गरी पर्यटन प्रवर्धनका लागि आवश्यक कामहरु गरिनेछ।

२२२. मुकुन्दसेन पार्क, पारिजात पार्क, गैंडाकोट शान्ति बाटिका, मुकुन्दसेन - सुर्यभक्त बाटिका, शिलन्यास पार्क  लगायतका नगर स्तरीय पार्कहरुलाई स्तरोन्नति गरी पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने नीति लिइनेछ।

२२३. नगरक्षेत्र भित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको विकास गर्दै पर्यटन प्रवर्धनका लागि निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरिनेछ।

२२४. मणिमुकुन्दसेन दरवारको संरक्षण तथा जीर्णोद्धार गरी यसलाई ऐतिहासिक पर्यटकीय क्षेत्रको रुपामा विकास गरिनेछ।

२२५. जल यात्राको साहासिक खेलको सम्भाव्यता अध्ययन गरी निजि क्षेत्रलाई पानि जहाज लगायत जल खेल प्रवर्द्धन गर्न प्रोत्साहन गर्न नीति लिइनेछ।

२२६. गैंडाकोट नगरपालिकाको सम्वृद्धिको मुख्य आधार बन्न सक्ने नारायणी नदीको तटीय क्षेत्रलाई गुल्जार क्षेत्रको रुपमा विकास गर्न यस क्षेत्रको बिस्तृत परियोजना पस्ताव तयार गरी पैदल मार्ग, साइकल लेन तथा ग्रिनरी बेल्ट लगायतका संरचानाहरु निर्माण गरिनेछ।

२२७. पवित्र धार्मिक स्थल देबघाट देखि त्रिबेणीधाम सम्मको नारायणी नदीको तटीय क्षेत्रलाई धार्मिक सर्किटको रुपामा विकास गर्न सम्बन्धित अन्य पालिका तथा गण्डकी प्रदेश सरकारसंग समन्वय गरिनेछ।

२२८. नगर भित्र खानेपानी संस्थाहरुको समन्वयमा नगरका पर्यटकीय लगायत सार्वजनिक स्थलहरुमा शौचालय तथा स्वच्छ खानेपानिको व्यवस्था गरिनेछ साथै आवश्यक सवारी पार्किङ्गको व्यवस्था गरिनेछ।

२२९. मौलाकालिका, कैलाश सन्यास आश्रम, हनुमान मन्दिर, शिव मन्दिर, कालिका मन्दिर तथा कालिका आश्रम  लगायत नगर क्षेत्रका धार्मिक पर्यटकीय क्षेत्रहरुलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्दै लगिनेछ।

२३०. नगरवासीहरुको चासो, गुनासो र अभियान लाई मध्यनजर गर्दै गैंडाकोट नगरपालिकाको सौन्दर्यतामा नकारात्मक असर पुर्याइरहेको जिर्ण तथा बन्द अवस्थामा रहेको भृकुटी कागज कारखानालाई अन्य बैकल्पिक उद्योग / व्यवसाय संचालन गर्न तथा त्यसको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।

२३१. पर्यटन प्रवर्द्धनलाई प्रोहोत्साहन गर्नका लागि सरकारी, गैर सरकारी संस्थाहरु तथा निजि क्षेत्रसंग समन्वय गर्ने नीति लिइनेछ।

## (ङ) *वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी नीतिहरु*

२३२. 'भू-उपयोग ऐन २०७६' र नियमावली २०७९ बमोजिम जग्गाको वर्गीकरण गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ। जग्गा बिकास सम्बन्धि कार्यविधि तयार गरि कडाइका साथ जग्गा प्लानिंग तथा खण्डिकरण कार्यलाई बैज्ञानिक बनाई व्यवस्थित शहरी बिकासको रणनीति लिइनेछ|

२३३. सांस्कृतिक महत्त्वका वर-पिपल, रैथाने फलफूल र जडीबुटी रोपणलाई प्रोत्साहन गरिनेछ। पर्यापर्यटनका लागि पिकनिक स्थल, ताल, झरनालाई थप व्यवस्थित गरिनेछ।

२३४. वर्षायामको पानी सञ्चित गरी भूमिगत जलस्तरको संरक्षणका लागि पुराना प्राकृतिक पोखरीहरूको जीर्णोद्धार तथा कृत्रिम पोखरी निर्माण गर्न प्रोत्साहित गरिनेछ।

२३५. वातावरणीय सन्तुलनका लागि प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनमा जोड दिइनेछ। टोल विकास संस्थाहरू मार्फत "स्वच्छ र हराभरा गैंडाकोट" अभियान चलाइनेछ।

२३६. सामुदायिक वन मार्फत वन पैदावार, औषधिजन्य वनस्पति र गैर-काष्ठ वन पैदावारको व्यावसायिक खेती तथा प्रशोधन उद्योगलाई प्राथमिकता दिइनेछ। वन नीतिहरूलाई उद्यममैत्री बनाइनेछ।

२३७. डढेलो र वन पैदावारको चोरीनिकासी रोक्न उपभोक्ताहरूलाई परिचालन गरिनेछ। नारायणी नदी किनार क्षेत्रमा सुरक्षा प्रबन्ध मिलाई मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण (बालीनाली र मानवीय क्षति न्यूनीकरण) गरिनेछ।

२३८. औद्योगिक र घरायसी फोहोरको मात्रा घटाउन फोहोरको श्रोतमा नै बर्गिकरण गर्ने कार्यलाई अनिवार्य गरिनेछ साथै फोहोरको पुनर्प्रयोग र पुनःचक्रण (3R - Reduce, Reuse, Recycle) का लागि आवश्यक कार्यहरु गरिनेछ उक्त कार्यकोलागि निजि क्षेत्र र अन्य संघ संस्थाहरु संग सहकार्य र साझेदारी गरिनेछ ।

२३९. वडा नं. ७ को खलेचौरमा फोहोरमैला प्रशोधन तथा अध्ययन केन्द्र तथा पार्क निर्माण गर्न संघिय तथा प्रदेश सरकार सँग पहल गरिनेछ।

२४०. गैंडाकोटलाई फोहोर मैला मुक्त नगर बनाउनको लागी आबश्यक कार्यबिधि बनाइनेछ भने उत्कृष्ट कार्य गर्ने सफा टोल र वडालाई वार्षिक रूपमा सम्मान गर्ने नीति लिइनेछ ।

२४१. खानेपानी संस्थाहरूको पानीको गुणस्तर कायम गर्न खानेपानी बोर्डलाई सक्रिय बनाइनेछ । तरंग खोलाबाट स्वच्छ खानेपानी आपूर्तिको सम्भाव्यता अध्ययन गरिनेछ।

२४२. ऐतिहासिक ढुंगेधारा, पोखरी, कुवा र सिमसार क्षेत्रको संरक्षण गरिनेछ। जमिनमुनिको पानी पुनर्भरणका लागि नगरपालिकाको पहाडी क्षेत्रमा नयाँ सिमसार तथा पोखरी निर्माण गर्न चुरे तथा तराई मधेश समृद्धि कार्यक्रम र अन्य सरकारसँग समन्वय गरिनेछ।

२४३. जोखिमयुक्त भूभागको मूल्याङ्कन गरी भूमि एकीकरण योजना ल्याइनेछ। विपद् कोषको स्थापना, खुला क्षेत्रको पहिचान, र आगलागीका बेला प्रयोग गर्न खानेपानी पाइपलाइनमा 'हाइड्रन्ट' (पाइप सकेट) को ठाउँ ठाउँमा व्यवस्था गरिनेछ ।

२४४. नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समन्वयमा विपद् प्रतिकार्य तालिम सञ्चालन गरिनेछ। वन हेरालु, भूतपूर्व सुरक्षाकर्मी र युवाहरूलाई विपद् स्वयंसेवीका रूपमा परिचालन गरिनेछ ।

२४५. नारायणी, झरही, बेल्डीया, र जयश्री लगायतका ठाडा खोलाहरूबाट हुने कटान, बाढी र डुबान नियन्त्रणका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी दिगो योजना लागू गरिनेछ ।

२४६. उद्योगहरूले अनिवार्य रूपमा फोहोरमैला तथा प्रदूषित पानी प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने मापदण्ड तोकी सोको संस्थागत सामाजिक उत्तरदायित्वसँग आबद्धता सुनिश्चित गरिनेछ।

२४७. नगरस्तरीय पार्कहरूको स्तरोन्नति गरी पर्या-पर्यटन केन्द्रको रूपमा विकास गरिनेछ साथै नगर क्षेत्र भित्रका टोल विकास संस्था एवं संघ संस्थालाई खुला स्थान, सार्वजनिक जग्गा र सडक किनारहरूमा रैथाने प्रजातिका फलफूल तथा बोटविरुवाहरुको वृक्षारोपण गरी हरित कोरिडोर निर्माण गरिनेछ।

आदरणीय नगरसभाका सदस्य ज्यूहरु,
अब म आगामी आर्थिक बर्ष ०८३/०८४ मा माथि उल्लेखित क्षेत्रहरुमा उच्चतम प्रतिफल प्राप्त गर्नका लागि राजश्व तथा श्रोत परिचालन सम्बन्धी नीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**राजश्व तथा श्रोत परिचालन सम्वन्धी नीतिहरु :**

२४८. "नगर समृद्धिको आधार आन्तरिक आयको विस्तार" भन्ने नाराका साथ करको दरभन्दा दायरा फराकिलो बनाइनेछ ।

२४९. कर तिर्नु नागरिकको दायित्व र समृद्धिको आधार हो भन्ने बुझाउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२५०. वित्तीय तथा परामर्श सेवा प्रदायक र अन्य सरकारी निकाय (आन्तरिक राजस्व, वाणिज्य, घरेलु) मा दर्ता भई नगरमा सञ्चालित व्यवसायलाई अनिवार्य रूपमा नगरपालिकामा दर्ता गराइनेछ ।

२५१. उपभोक्ता समितिका पदाधिकारी र लाभान्वित उपभोक्ताहरूले योजना सम्झौता गर्नुअघि आफ्नो व्यक्तिगत दायित्वमा रहेका सम्पूर्ण कर (सम्पत्ति, मालपोत/भूमिकर, व्यवसाय कर, बहाल कर) बुझाएको हुनुपर्ने नीति लिइनेछ ।

२५२. नगरपालिकाको स्रोतबाट भुक्तानी प्राप्त गर्न नगरभित्र व्यवसाय दर्ता भएको हुनुपर्ने नीतिलाई अबलम्बन गरिनेछ ।

२५३. राजस्व संकलनलाई सरल र सहज बनाउन Online सरकारी सुत्र प्रणालीलाई थप प्रभावकारी बनाउदै घरबाटनै कर राजश्व भुक्तानी गर्न सकिने गरी ब्यबस्था मिलाइनेछ ।

२५४. प्राकृतिक स्रोत (नदी, वन, खानी) को दोहन र चोरी निकासी नियन्त्रणका लागि नियमित अनुगमन र प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।

२५५. जनप्रतिनिधि, कर्मचारी र करदाताबीच नियमित छलफल गरी राजस्व सुधार योजना कार्यान्वयनमा जोड दिइनेछ ।

२५६. संघ, प्रदेश र स्थानीय सरकारका साझा अधिकार सूचीका राजस्व प्राप्तिमा प्रभावकारी भूमिका खेलिनेछ ।

आर्थिक वर्ष २०८२/०८३ का अधुरा पूँजीगत आयोजनाहरूलाई आगामी वर्षमा 'क्रमागत आयोजना'को रूपमा लगिनेछ । सम्पन्न हुन नसकेका अन्य साधारण कार्यक्रम र आयोजनाहरूको रकम सञ्चित कोषमा फिर्ता गरिने नीति अवलम्बन गरिनेछ।

आदरणीय नगर सभा सदस्यज्यूहरु

स्थानीय तह निर्वाचनको क्रममा जनता समक्ष गरेका प्रतिवद्वताहरु पुरा गर्न विकासका आधारशिला निर्माण गर्नु हाम्रो आगामी वर्षको मुल ध्यय रहने छ । नगरको वृहत्तर हित, आर्थिक विकास र समृद्धिको लागि केन्द्रीत भएर कार्य गर्नु हामी सबैको जिम्मेवारी हो । तसर्थ आत्मनिर्भर नगरको रुपमा विकास गर्नका लागि सक्षम र आम्दानीका नयाँ नयाँ क्षेत्रहरुको पहिचान गर्न विशेष पहल गरिनेछ । करका दरलाई होइन दायरालाई बढाउने र सबैलाई करको दायराभित्र समावेश गर्ने तर्फ ध्यान केन्द्रित रहनेछ । खानेपानी, सिँचाई, सडक, विद्युत र सञ्चार नपुगेका वडाका टोल तथा गाउँहरुमा यी पूर्वाधार विकासलाई प्राथमिकतामा राखिनेछ । नगरपालिकाबाट सेवा प्रदान गरिने इकाईहरुको पूर्वाधार, प्रविधि र जनशक्तिका हिसाबले सुसम्पन्न गरिनेछ । सुशासन सुदृढिकरणमा नागरिक निगरानीलाई प्रोत्साहित गरिनेछ । भ्रष्टाचार शुन्य सहनशिलतालाई संस्थागतरुपमा विकास गर्न पारदर्शिता, जवाफदेहीता, सहभागितामुलक जिम्मेवारीपनको विकासमा जोड दिइनेछ ।

अन्तमा, यस नगरको विकास र समृद्धिको लागि साथ् सहयोग दिई नगर विकासमा हालसम्म साझेदारी र सहयोग गर्ने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संस्था, पत्रकार तथा आमसञ्चार क्षेत्र, नेपाल नगरपालिका संघ र अन्य संघ संस्था लगायत सम्पूर्ण कर्मचारी तथा नगरवासी दाजुभाई, दिदी बहिनीहरुमा धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद!